मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा - २०८२

**बी.एड./पाँचौ सेमेस्टर**

बिषयः आधुनिक नेपाली खण्डकाव्य (नेपा.शि.४५२/४५३)

सिम्बोल नं. ..........................

**समूह 'क'** १०x१= १०

**सर्वोत्कृष्ट उत्तरमा रेजा (✓) चिन्ह लगाउनुहोस्।**

१. पाश्चात्य साहित्य सिद्धान्तमा कौतुहलता सिर्जना गर्नुलाई उपलब्धि मान्ने काव्य कुन हो?

(क) कथात्मक (ख) रोमाञ्च

(ग) शोक (घ) गोप

२. खण्ड काव्यको स्वरूप कुन हो?

(क) मझौला आयाम (ख) बृहत आयाम

(ग) सङ्क्षिप्त आयाम (घ) बृहत्तर आयाम

३. खण्ड काव्यको अनिवार्य तत्त्व कुन हो?

(क) कथानक (ख) मङ्गलाचरण

(ग) स्वर्ग व्यवस्था (घ) पञ्चसन्धि

४. आधुनिक नेपाली खण्डकाव्यको प्रादुर्भाव गर्ने कृति कुन हो?

(क) मुनामदन (ख) उषा चरित्र

(ग) आजा जुजेपहाड र घाउका आँखा (घ) ऋतुविचार

५. नदी किनाराका माझी काव्यमा माझीहरूको अवतारको रूपमा कसलाई लिइएको छ?

(क) नदी (ख) माझी

(ग) मुखिया (घ) माछा

६. 'कुञ्जिनी' खण्डकाव्यमा राष्ट्रप्रेमलाई कुन पात्र मार्फत प्रस्तुत गरिएको छ?

(क) कुञ्जिनी (ख) गोरे

(ग) ठालु सिंह (घ) सेते

७. 'ऋतुविचार' खण्डकाव्यमा सबैभन्दा बढी उपमा प्रस्तुत गरिएको ऋतु कुन हो?

(क) शरद (ख) वसन्त

(ग) ग्रीष्म (घ) वर्षा

८. 'हिमालवारि हिमालपारि' काव्यमा कुन धर्म संस्कृतिलाई महत्व दिएको छ?

(क) बौद्ध धर्म र शेर्पा संस्कृति (ख) बौद्ध धर्म र तामाङ संस्कृति

(ग) बौद्ध धर्म र मगर संस्कृति (घ) बौद्ध धर्म र गुरुङ संस्कृति

९. 'बन्दी र चन्द्रागिरि' काव्यको समयगत परिवेश कुन हो?

(क) २०४६ देखि २०५१ सम्म (ख) २०५२ देखि २०६२ सम्म

(ग) २०६३ देखि२०६४ (घ) २०६५ देखि २०७० सम्म

१०. 'कुञ्जिनी' खण्ड काव्यमा ठालु सिंहले कसको प्रतिनिधित्व गरेका छन्?

(क) धनी (ख) गरिबको

(ग) समाज (घ) देश

मध्यपश्चिम विश्वविद्यालय

## परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा - २०८२

**बी.एड./पाँचौ सेमेस्टर** — **पूर्णाङ्क: ६०**

**समय: ३ घण्टा** — **उत्तीर्णाङ्क: ३०**

विषय: आधुनिक नेपाली खण्डकाव्य (नेपा.शि.४५२/४५३)

*परीक्षार्थीहरूले सकेसम्म मौलिक र आफ्नै शब्दमा प्रश्नहरूको उत्तर दिनुपर्नेछ।*

**समूह 'ख'** — **६x५= ३०**

**तल दिइएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस्।**

१. खण्डकाव्यको परिचय दिँदै कुनै दुईओटा परिभाषाका आधारमा परिभाषित गर्नुहोस्।

२. खण्डकाव्यका प्रमुख तत्त्वहरूलाई सङ्क्षेपमा चिनाउनुहोस्।

३. आधुनिक नेपाली खण्डकाव्यको स्वच्छन्दतावादी धाराका प्रवृत्तिहरूको चर्चा गर्नुहोस्।

**अथवा**

आधुनिक नेपाली खण्डकाव्यको समसामयिक धाराका विशेषताहरू उल्लेख गर्नुहोस्।

४. 'ऋतुविचार 'खण्डकाव्यमा नेपाली प्रकृति र संस्कृतिको तादात्म्यता देखाइएको छ। पुष्टि गर्नुहोस्।

५. परिवेश विधानका आधारमा 'हिमालवारि हिमालपारि' नाट्य काव्यको समीक्षा गर्नुहोस्।

६. विषयवस्तुका आधारमा' बन्दी र चन्द्रागिरि 'काव्यको समीक्षा गर्नुहोस्।

**अथवा**

सप्रसङ्ग व्याख्या गर्नुहोस्।

झुकेको छ सबै धान्य ठाडो छैन कुनै पनि<br>
उपकारी गुणी व्यक्ति यस्तै हुन्छ जहाँ पनि।

**समूह 'ग'** — **२x१०= २०**

**तल दिइएका प्रश्नहरूको लामो उत्तर दिनुहोस्।**

७. खण्डकाव्यगत तत्त्वका आधारमा कुञ्जिनी खण्डकाव्यको विवेचना गर्नुहोस्।

८. 'नदी किनाराका माझी' काव्यको विषयवस्तु र परिवेश विधानका आधारमा समीक्षा गर्नुहोस्।

**अथवा**

नाट्यकाव्यकार माधवप्रसाद घिमिरेका नाट्यकाव्यगत पवृत्तिको चर्चा गर्दै 'हिमालवारि हिमालपारि' काव्यको मूलभावमाथि प्रकाश पार्नुहोस्।

**समाप्त**